राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com



विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४



वर्ष ७ अंक ३०६ २०८३ जेठ १८ गते सोमवार (1 June 2026) पृष्ठ ४ मूल्य रू. ३।-


## भारतीय आँप आयातमा प्रतिबन्ध



*वीरेन्द्र कर्ण*

जनकपुरधाम, १७ जेठ । भारतबाट नेपाल आयात हुने आँपमा नेपाल सरकारले प्रतिबन्ध लगाएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भारतीय आँपमा रोग-कीरा तथा रासायनिक पदार्थको प्रयोग भेटिएपछि चालु आर्थिक वर्षको वैशाखदेखि आयात पूर्ण रूपमा रोकिएको भिठामोड क्वारेन्टाइन कार्यालयले जनाएको छ।

कार्यालयका निमित्त प्रमुख किशोरकुमार यादवका अनुसार नेपाली किसानलाई आँप उत्पादनमा आत्मनिर्भर बनाउने सरकारी नीतिअन्तर्गत पनि भारतीय आँप आयातमा रोक लगाइएको हो।

चालु आर्थिक वर्षको चैतदेखि हालसम्म भिठामोड नाकाबाट करिब १० लाख रुपैयाँ मूल्य बराबरको १५.८ मेट्रिक टन भारतीय आँप नेपाल भित्रिएको तथ्यांक छ। यस वर्ष मधेश प्रदेशका आठ जिल्लामा करिब ३० हजार ८ सय हेक्टर क्षेत्रफलमा आँप खेती गरिएको छ। प्रदेशभर ४० अर्ब ४० करोड रुपैयाँ मूल्य बराबरको चार लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन भएको अनुमान गरिएको छ।

चैत-वैशाखमा आएको हावाहुरी, असिना तथा 'मधुवा' रोगका कारण उत्पादनमा केही असर परे पनि समग्र उत्पादन उत्साहजनक रहेको सम्बन्धित निकायको भनाइ छ।

व्यापारीहरूले बढी नाफा कमाउने उद्देश्यले काँचो आँपलाई 'कार्बाइड' नामक रसायन प्रयोग गरी कृत्रिम रूपमा पकाएर बजारमा पठाउने गरेको चिकित्सकहरू बताउँछन्। यस्तो आँप सेवन गर्दा उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने उनीहरूको चेतावनी छ।

सरकारले भारतीय आँप आयातमा प्रतिबन्ध लगाए पनि नेपाल-भारत खुला सीमाका कारण तस्करीमार्फत आँप भित्रिने क्रम भने रोकिएको छैन।

यसैबीच, सरकारले आर्थिक वर्ष २०८१/८२ को भदौदेखि भारतीय केराको आयातसमेत प्रतिबन्ध गरेको छ। भारतीय केरामा 'पनामा विल्ट' रोगको संक्रमण देखिएकाले आयात रोकिएको प्रमुख यादवले जानकारी दिए। त्यसैगरी, कीराको जोखिमका कारण भारतबाट आयात हुने पानी भएको नरिवलमा पनि प्रतिबन्ध लगाइएको छ।

अघिल्लो आर्थिक वर्षको फागुनदेखि चालु आर्थिक वर्षको कात्तिकसम्म भिठामोड नाकाबाट दुई करोड १५ लाख रुपैयाँ मूल्य बराबरको ३५९ मेट्रिक टन भारतीय आँप नेपाल भित्रिएको थियो। कृषि मन्त्रालयका अनुसार हाल देशभर करिब ५३ हजार हेक्टर क्षेत्रफलमा आँप खेती भइरहेको छ।

# 'नेपालले भारतीय भूमि मिचेको प्रमाण देखाउन माग'

दैनिक समाचारदाता

काठमाडौं १७ जेठ । विपक्षी दलका सांसदहरूले आकस्मिक रुपमा प्रतिनिधिसभामा प्रधानमन्त्रीले सांसदहरूको प्रश्नको जवाफ दिएको विषयमा प्रश्न उठाएका छन् ।



संसद्को नियमावलीमा नै नभएको व्यवस्था देखाएर प्रधानमन्त्रीलाई सांसदहरूको प्रश्नको उत्तरका लागि समय दिएको भन्दै विपक्षी दलका सांसदहरूले आपत्ति जनाएका हुन् ।

प्रधानमन्त्री सदनमा उपस्थित हुनु सकारात्मक विषय भए पनि प्रधानमन्त्रीको प्रश्नोत्तर नियमावली अनुसार नभएको भन्दै आक्रोश व्यक्त गरेका थिए ।

प्रधानमन्त्रीको सम्बोधनपछि विपक्षी सांसदहरूले आपत्ति जनाएपछि सत्तापक्ष दलका सांसदहरू समेत आक्रोशित भएका थिए । त्यसपछि सभामुख डोल प्रसाद अर्यालले केही सांसदहरूको नामै लिएर मर्यादामा बस्ने पटक पटक निर्देशन दिएका थिए ।

उनले विपक्षी सांसदहरूको गतिविधिले आफ्नो गम्भीर ध्यानाकर्षण भएको समेत बताए ।

त्यस्तै बैठकमा विपक्षी सांसदहरूले प्रधानमन्त्रीले नेपालले पनि भारतको जग्गा मिचेको भन्ने जवाफ तथ्यहीन भएको भन्दै जवाफ माग गरेका थिए ।

## प्रधानमन्त्रीले के भने ?



प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले प्रतिनिधिसभा बैठकमा पहिलो पटक उभिएर बोलेका छन् ।

आइतबार आकस्मिक रूपमा बैठकमा पुगेका उनले सभामुख डोलप्रसाद अर्यालसँग समय मागेर सांसदहरूका विभिन्न प्रश्नको जवाफ दिएका हुन् ।

बैठकमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले प्रधानमन्त्री शाहलाई प्रश्न सोधेका थिए ।

प्रधानमन्त्री वालेन्द्र शाहले फागुन २१ मा निर्वाचित प्रतिनिधि सभामा पहिलो पटक उभिएर जवाफ दिएका हुन् ।

***आयोगका प्रतिवेदन :*** सबै आयोगका प्रतिवेदन एकमुस्ट अध्ययन गरेर आवश्यक कारबाही गर्ने बचन।

नेपाल-भारत सीमा विवाद : लिपुलेक र लिम्पियाधुरा विषयमा कूटनीतिक नोट पठाइएको छ। भारतबाट जवाफ पनि आएको छ । भारतले मात्र होइन, नेपालले पनि धेरै ठाउँमा भारतको भूमि मिचेको रहेछ । सीमा विवादबारे इङल्यान्ड सरकारसँग पनि कुरा हुँदैछ।

***सुकुम्वासी समस्या :*** ३५ वर्षदेखि समाधान नभएको समस्या ३५ मिनेटमा समाधान खोज्न हुँदैन ।

***आर्थिक प्राथमिकता :*** सरकारको ध्यान आत्मविश्वास बढाउनेसँगै पैसा बढाउनेमा छ, देशलाई पहिले पैसा चाहिन्छ ।

***राजनीतिक भाषण :*** समाजवाद र साम्यवादको भाषण गर्न सजिलो भएको टिप्पणी गर्दै काठमाडौं महानगरमा हुँदा शिक्षा र स्वास्थ्यमा उदाहरणीय काम गरेको जिकिर ।

***बिजुली र विद्युतीय चुल्हो :*** यदि सबैले विद्युतीय चुल्हो प्रयोग गरे भने ट्रान्सफर्मर पड्किने अवस्था आउन सक्छ । बिजुलीमा लाग्ने ५ प्रतिशत भ्याट ट्रान्सफर्मर फेर्न उपयोग गरिनेछ।

प्रवासी मताधिकार : विदेशमा रहेका नेपाली नागरिकलाई मतदान गर्ने अधिकार दिने विषयमा अध्ययन गरिँदैछ।


## सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं ।

- जातीय, धार्मिक, सामाजिक तथा साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा तथा आत्मसम्मानमा ठेस पुर्‍याउने कार्य नगरौं,
- जातीय विभेद, छुवाछुत, श्रम तथा आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानुनले प्रतिबन्धित गरेका सामग्रीहरूको प्रकाशन, प्रसारण तथा प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,


*पोस्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**




अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्मिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दखाई बिनाको सल्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# मधेशप्रति बजेटको मौनता

संघीय सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेटमाथि विभिन्न कोणबाट बहस भइरहेको छ। बजेटले समग्र राष्ट्रिय अर्थतन्त्रलाई गति दिने, रोजगारी सिर्जना गर्ने र पूर्वाधार विकासलाई प्राथमिकता दिने दाबी गरिए पनि मधेश प्रदेशका सन्दर्भमा भने अपेक्षा र वास्तविकताबीचको दूरी फेरि एकपटक उजागर भएको छ। संविधान सभा सदस्य डा. विजय सिंहले उठाएका प्रश्नहरू केवल व्यक्तिगत धारणा मात्र होइनन्, मधेशका लाखौं नागरिकको साझा चिन्ता र गुनासो पनि हुन्।

संघीय लोकतान्त्रिक गणतन्त्रको मूल भावना भनेको राज्यका सबै क्षेत्र, समुदाय र वर्गलाई समान अवसर र स्रोत-साधनको पहुँच सुनिश्चित गर्नु हो। तर बजेटले क्षेत्रीय असन्तुलन न्यूनीकरण तथा मानवीय विकास सूचकांकका आधारमा स्रोत वितरण गर्ने स्पष्ट प्रतिबद्धता देखाउन नसकेको आरोप गम्भीर छ। मधेश प्रदेश जनसंख्याको हिसाबले देशको सबैभन्दा ठूलो प्रदेशमध्ये एक भए पनि विकासका धेरै सूचकांकमा अझै पछाडि छ। शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी तथा कृषि पूर्वाधारका क्षेत्रमा मधेशले दशकौंदेखि विशेष ध्यानको अपेक्षा गर्दै आएको छ।

बजेट प्रस्तुतिका क्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आधुनिक सोच, कृत्रिम बुद्धिमत्ता (एआई) र प्रविधिमैत्री अवधारणालाई प्राथमिकता दिएको देखिन्छ। यो सकारात्मक पक्ष हो। विश्व तीव्र गतिमा डिजिटल रूपान्तरणतर्फ अघि बढिरहेका बेला नेपाल पनि त्यसबाट अलग रहन सक्दैन। तर नीतिगत भाषण र व्यवहारिक कार्यान्वयनबीच ठूलो अन्तर भए त्यसले अपेक्षित परिणाम दिन सक्दैन। प्रविधिको चर्चा मात्र गरेर पुग्दैन, त्यसलाई शिक्षा, कृषि, स्वास्थ्य र सार्वजनिक सेवामा लागू गर्ने स्पष्ट योजना र पर्याप्त बजेट आवश्यक हुन्छ।

मधेशको सबैभन्दा ठूलो चुनौती बेरोजगारी हो। ठूलो युवा जनशक्ति वैदेशिक रोजगारीमा निर्भर छ। गाउँका खेतबारी बाँझिने र परिवारका सदस्य विदेशिन बाध्य हुने अवस्था अझै कायम छ। यस्तो अवस्थामा स्थानीय उत्पादन, उद्योग तथा उद्यमशीलता प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्ने कार्यक्रम बजेटको केन्द्रमा हुनुपर्थ्यो। तर बजेटमा यस्ता कार्यक्रमको स्पष्टता र प्रभावकारिता देखिँदैन।

कृषि मधेशको अर्थतन्त्रको मेरुदण्ड हो। देशको खाद्यान्न उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने यो प्रदेश अझै पनि सिंचाइ अभाव, मल-बिउको समस्या र बजार व्यवस्थापनका चुनौतीसँग जुधिरहेको छ। कृषि उत्पादन वृद्धि, आधुनिक प्रविधिको प्रयोग तथा सिंचाइ विस्तारका लागि विशेष कार्यक्रमको अपेक्षा गरिए पनि बजेट त्यसअनुसार केन्द्रित देखिँदैन। सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजनाको निरन्तरता सकारात्मक भए पनि दशकौंदेखि चर्चामा रहेको सुनकोशी-कमला जलस्थानान्तरण आयोजनाबारे कुनै स्पष्ट योजना नहुनु चिन्ताको विषय हो। मधेशको दीर्घकालीन कृषि विकास र जल व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित यस्ता परियोजनालाई प्राथमिकतामा राख्न नसक्नु दूरदृष्टिको अभावको संकेत हो।

पर्यटन क्षेत्र पनि बजेटको अर्को कमजोरी बनेको छ। जनकपुरधाम धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले अन्तर्राष्ट्रिय महत्व बोकेको शहर हो। भारतसँगको सांस्कृतिक सम्बन्ध, माता जानकीको जन्मस्थलको पहिचान तथा धार्मिक पर्यटनको विशाल सम्भावनालाई आर्थिक समृद्धिको आधार बनाउन सकिन्छ। तर जनकपुरधामलाई अन्तर्राष्ट्रिय पर्यटन केन्द्रका रूपमा विकास गर्ने ठोस योजना, पूर्वाधार विस्तार, यातायात सुविधा सुधार तथा पर्यटन प्याकेज निर्माणजस्ता विषय बजेटमा पर्याप्त रूपमा समेटिएका छैनन्। यसले सम्भावनायुक्त क्षेत्रलाई उपेक्षा गरिएको अनुभूति गराउँछ।

स्वास्थ्य र शिक्षा क्षेत्रमा पनि मधेशले अझै अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन। ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा अभाव, विशेषज्ञ चिकित्सकको कमी तथा शैक्षिक पूर्वाधारको कमजोर अवस्थाले नागरिकलाई प्रत्यक्ष असर गरिरहेको छ। बजेटले यी आधारभूत क्षेत्रलाई प्राथमिकता दिएको दाबी गरे पनि परिणाममुखी कार्यक्रम र पर्याप्त लगानीबिना सुधार सम्भव छैन।

संघीय शासन प्रणालीको सफलताको मापन राजधानी केन्द्रित विकासले होइन, पछाडि परेका क्षेत्रको जीवनस्तरमा आएको परिवर्तनले हुन्छ। मधेश प्रदेशले विशेष सुविधा होइन, आफ्नो जनसंख्या, आवश्यकता र विकासको अवस्थाअनुसार न्यायपूर्ण हिस्सा खोजेको हो। यदि बजेटले यस्ता क्षेत्रीय असमानतालाई सम्बोधन गर्न सकेन भने संघीयताको उद्देश्य नै कमजोर बन्न सक्छ।

त्यसैले सरकारले बजेट कार्यान्वयनको क्रममा मधेशका वास्तविक आवश्यकता पहिचान गरी कृषि, सिंचाइ, रोजगारी, स्वास्थ्य, शिक्षा र पर्यटन क्षेत्रमा थप कार्यक्रम तथा स्रोत परिचालन गर्नुपर्छ। विकासको राष्ट्रिय लक्ष्य तब मात्र सार्थक हुन्छ, जब मधेशजस्ता सम्भावनाले भरिएका तर अवसरबाट वञ्चित क्षेत्रले पनि समृद्धिको अनुभूति गर्न सकून्। बजेटको सफलता कागजमा लेखिएका कार्यक्रमले होइन, मधेशका नागरिकको जीवनमा देखिने सकारात्मक परिवर्तनले निर्धारण गर्नेछ।

# नेतृत्वले नबुझेको राष्ट्र र राज्य निर्माणको अन्तर



गणेश अम्गाई

आम मानिस र नीति निर्माण तहमा बस्ने शासकहरूमा राज्य, राष्ट्र, राज्य निर्माण र राष्ट्र निर्माणको आधारभूत भिन्नताबारे ठूलो अन्योल पाइन्छ। राजनीतिशास्त्र र समाजशास्त्रको दृष्टिकोणमा यी अवधारणाहरू पूर्णत: फरक र विशिष्ट छन्।

राज्य एक कानूनी, राजनीतिक र मूर्त प्रशासनिक सङ्गठन हो, जसका लागि निश्चित भूगोल, जनसङ्ख्या, सरकार र सार्वभौमसत्ता अनिवार्य चाहिन्छ। यसको विपरीत, राष्ट्र एउटा अमूर्त, सांस्कृतिक र मनोवैज्ञानिक एकता हो, जहाँ मानिसहरू साझा इतिहास, भाषा, रहनसहन र 'हामी एक हौं' भन्ने भावनात्मक भावनाद्वारा बाँधिएका हुन्छन्।

अर्कोतर्फ, राज्य निर्माणले कर्मचारीतन्त्र, सेना, प्रहरी र कानूनी ढाँचा जस्ता भौतिक एवं शासकीय संरचनाको विकास अर्थात् प्राविधिक पक्षलाई बुझाउँछ। यसको ठीक विपरीत, राष्ट्र निर्माणले ती संस्थाहरूभित्र बस्ने विविध समुदायका नागरिकहरूमा साझा पहिचान, देशभक्ति र राज्यप्रतिको अपनत्व अर्थात् भावनात्मक प्राण भर्ने काम गर्छ।

नेपाल जस्तो बहुजातीय र बहुसांस्कृतिक मुलुकमा राज्यका संस्थाहरूलाई सुदृढ र जनमुखी बनाउनु जति आवश्यक छ, त्यत्तिकै मात्रामा सबै नागरिकलाई समान सम्मान र न्याय दिएर एउटै राष्ट्रिय गौरवतर्फ गोलबद्ध गर्नु पनि उत्तिकै अनिवार्य छ।

***राज्य र राष्ट्रको अन्तर***

राज्य र राष्ट्र राजनीतिशास्त्रका दुई आधारभूत स्तम्भ हुन्, जसको भिन्नता बुझ्नु शासन व्यवस्था र समाजको सम्बन्ध केलाउनका लागि अपरिहार्य छ। राज्य मुख्यतया एक कानूनी र राजनीतिक संस्था हो, जसको अस्तित्व स्पष्ट रूपमा देख्न र महसुस गर्न सकिन्छ। कुनै पनि एकाइलाई राज्यका रूपमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नका लागि निश्चित भौगोलिक सिमाना, त्यहाँ स्थायी रूपमा बसोबास गर्ने जनसङ्ख्या, शासन सञ्चालन गर्ने वैधानिक सरकार र आन्तरिक तथा बाह्य निर्णयहरू स्वतन्त्र रूपमा गर्न सक्ने सर्वोच्च अधिकार अर्थात् सार्वभौमसत्ता हुनैपर्छ।

राज्यसँग आफ्ना कानूनहरू पालना गराउन र उल्लङ्घन गर्नेलाई दण्ड दिनका लागि वैधानिक बल प्रयोग गर्ने मूर्त अङ्गहरू सुरक्षित रहन्छन्। विडम्बना, नेपाली राजनीतिज्ञले राज्यको यो वैधानिक शक्तिलाई जनहितमा लगाउनुको सट्टा अक्सर आफ्ना आसेपासे पाल्ने र सत्ता जोगाउने हतियार मात्र बनाएका छन्।

यसको ठीक विपरीत, राष्ट्र कुनै भौतिक वा कानूनी संस्था नभएर मानिसहरूको मन र मस्तिष्कमा बस्ने एउटा अमूर्त सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक अनुभूति हो। राष्ट्रलाई एउटा काल्पनिक समुदायका रूपमा पनि परिभाषित गर्ने गरिन्छ, जहाँ नागरिकहरू भौगोलिक रूपमा टाढा रहेर एकअर्कालाई प्रत्यक्ष नचिने वा नभेटे पनि एउटै अदृश्य भावनात्मक धागोमा बाँधिएका हुन्छन्।

राष्ट्र बन्नका लागि कुनै निश्चित भौगोलिक सिमाना, सरकार वा कानूनी प्रमाणपत्रको ग्यारेन्टी आवश्यक पर्दैन। यसका मुख्य आधारहरूमा साझा ऐतिहासिक अनुभव, साझा संस्कृति, भाषा, परम्परा र सबैभन्दा महत्त्वपूर्ण कुरा 'हाम्रो सुख-दुःख साझा छ' भन्ने आन्तरिक मनोविज्ञान हुन्। तर, हाम्रा शासकहरूले यस अमूर्त भावनालाई चुनावी मञ्चमा मात्र सीमित गरेर नागरिकहरू बीचको वास्तविक आपसी सहिष्णुतालाई समेत सस्तो प्रचारबाजीको विषय बनाएका छन्।

नेपाल यसको उत्कृष्ट उदाहरण हो, जहाँ एउटै राज्य संरचना र एउटै संविधानभित्र १२५ भन्दा बढी जातजाति र बहुभाषिक पहिचान भएका सांस्कृतिक समूह आपसी सहअस्तित्व र सम्मानका साथ ऐतिहासिक कालदेखि बसोबास गर्दै आएका छन्। कहिलेकाहीं यसको विपरीत अवस्था अर्थात् एउटै राष्ट्र विभिन्न राज्यहरूमा विभाजित भएको पनि देख्न सकिन्छ, जस्तैः उत्तर र दक्षिणकोरिया। मानिसहरूको भाषा, संस्कृति र रगत एउटै भए पनि उनीहरू फरक-फरक राजनीतिक र कानूनी राज्य संरचनाको नियमभित्र बस्न बाध्य छन्।

त्यसैले, राज्यले व्यक्तिलाई नागरिकको कानूनी दर्जा दिन्छ भने राष्ट्रले व्यक्तिलाई आत्मीय पहिचान प्रदान गर्छ। नेपालमा भने यही विविधतालाई एकताको सूत्रमा गाँस्नुको सट्टा राजनीतिक दलहरूले आफ्नो भोट बैङ्क सुरक्षित गर्नका लागि जातीय र क्षेत्रीय भावना भड्काउने खेल खेलिरहेका देखिन्छन्।

***राज्य निर्माणको संरचनागत र शासकीय ढाँचा***

राज्य निर्माण मुख्यतया संस्थागत विकास, प्रशासनिक सक्षमता र भौतिक संरचनाको सुदृढीकरणसँग सम्बन्धित एक बहुआयामिक एवं प्राविधिक प्रक्रिया हो। राजनीतिक दृष्टिकोणमा, यो राज्यको वैधानिक शक्तिलाई संस्थागत गर्ने कार्य हो, जसले राज्यलाई एउटा अमूर्त अवधारणाबाट मूर्त र कार्यशील संयन्त्रमा रूपान्तरण गर्छ।

स्थापित सिद्धान्त अनुसार, राज्य निर्माणको प्राथमिक र अनिवार्य आधार भनेको निश्चित भौगोलिक क्षेत्रभित्र 'भौतिक हिंसाको वैधानिक प्रयोगमा एकाधिकार कायम गर्नु' हो। यसको अर्थ सेना, प्रहरी र गुप्तचर जस्ता सुरक्षा संरचनालाई सुदृढ गरी राज्यबाहेक अन्य कुनै पनि समूह वा व्यक्तिलाई बल प्रयोग गर्ने वा कानून हातमा लिने अधिकार कटौती गर्नु र नागरिकको जीउधनको पूर्ण रक्षा गर्नु हो। हाम्रो सन्दर्भमा भने, दलका कार्यकर्ताले कानून हातमा लिंदा समेत राज्य लाचार बनेर मूकदर्शक बन्नु नै ठूलो बेथिति भएको छ।

यस प्रक्रियाले राज्यको भौतिक आधार अर्थात् कर्मचारीतन्त्रको कुशलता, निष्पक्ष कानूनी संहिताकरण, कर सङ्कलन प्रणाली र भौतिक पूर्वाधारको सबलीकरणमा जोड दिन्छ। राज्य निर्माणको मुख्य इन्धन वित्तीय क्षमता हो; आफ्नै आन्तरिक स्रोतबाट कर सङ्कलन गर्ने र त्यसलाई पारदर्शी रूपमा खर्च गर्ने क्षमता नभएको राज्य सधैं परनिर्भर रहन्छ।

त्यसैले, एउटा बलियो र सक्षम राजस्व प्रशासन खडा गर्नु, करको दायरा विस्तार गर्नु र सङ्कलित रकमलाई विना ढिलासुस्ती सेवा प्रवाहमा रूपान्तरण गर्न सक्ने व्यावसायिक कर्मचारीतन्त्रको विकास गर्नु नै राज्य निर्माणको वास्तविक सफलता हो। राज्यका प्रमुख अङ्गहरू– कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको संस्थागत क्षमता बढाउनु यसको मूल ध्येय हो। तर नेपालमा कर सङ्कलन प्रणाली सर्वसाधारणलाई चुस्ने र ठूला तस्करहरूलाई उन्मुक्ति दिने माध्यम बनेकाले वित्तीय क्षमता सधैं वैदेशिक ऋणको भारमुनि थिचिएको छ।

वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा सिंहदरबारमा सीमित वैधानिक शक्तिलाई सात प्रदेश र ७५३ स्थानीय तहमा विस्तार गरिएकाले अहिले राज्य निर्माणको प्रक्रिया तलबाट माथि मोडिएको छ। यद्यपि, स्थायी संरचनाहरूमा दलीय राजनीतीकरण हावी हुनु, योग्यता प्रणालीको अभाव हुनु, उच्च तहमा नीतिगत भ्रष्टाचार संस्थागत हुनु र तीव्र गतिमा दक्ष जनशक्तिको विदेश पलायन हुनु राज्य निर्माणका प्रमुख चुनौती हुन्, जसले राज्यको संस्थागत साख र सेवा प्रवाह क्षमतालाई गम्भीर रूपमा कमजोर बनाएका छन्।

अधिकार गाउँमा पुग्ने भनिए पनि व्यवहारमा भ्रष्टाचार र बेथिति मात्र गाउँगाउँमा विकेन्द्रीकृत भएको छ, जसले गर्दा लाचार राज्य आफ्नै बोझले थिचिएको महसुस हुन्छ।

***राष्ट्र निर्माणको भावनात्मक र समावेशी एकता***

राष्ट्र निर्माण भनेको राज्य निर्माण जस्तो भौतिक वा प्राविधिक कार्य नभएर मानिसहरूको मन, भावना, चेतना र दृष्टिकोणलाई एकापसमा जोड्ने एक अमूर्त, जैविक र दीर्घकालीन प्रक्रिया हो। यसको मूल उद्देश्य राज्यको भौगोलिक सीमाभित्र बसोबास गर्ने विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति र क्षेत्रीय पहिचान भएका मानिसहरूमा 'हामी सबै यसै देशका समान नागरिक हौं र हाम्रो भविष्य साझा छ' भन्ने सामूहिक राष्ट्रिय पहिचान र देशभक्तिको भावना जागृत गराउनु हो।

राष्ट्र निर्माणले राज्यका भौतिक संस्थाहरूभित्र बस्ने नागरिकहरूमा सामाजिक पूँजी, पारस्परिक सद्भाव, आपसी विश्वास र राज्यप्रतिको अटुट अपनत्व विकास गर्ने काम गर्छ। यो समाजभित्रैबाट स्वत:स्फूर्त रूपमा पुस्तौं लगाएर विकास हुने भावनात्मक एकता हो। यद्यपि, नेपालका मञ्चहरूमा राष्ट्रिय एकताका ठूला गफ हाँक्ने नेताहरूले भित्रभित्रै नागरिकको मन दुखाएर समाजलाई भावनात्मक रूपमा टुक्रा-टुक्रा पारिरहेका छन्।

राष्ट्र निर्माणका सूचकहरू अमूर्त र अदृश्य हुन्छन्, जसलाई कुनै भौतिक मापदण्ड वा भवनको सङ्ख्या हेरेर नाप्न सकिँदैन। अन्तर्राष्ट्रिय खेलकुद मैदानमा राष्ट्रिय टोली वा झन्डा देख्दा नागरिकको आँखामा आउने गर्वको आँसु, महाविपत्ति वा भूकम्पका बेला जात, धर्म र क्षेत्र नभनी एकापसमा गरिने नि:स्वार्थ सहयोग र राष्ट्रिय सङ्कटका बेला स्वत:स्फूर्त रूपमा प्रदर्शन हुने अभूतपूर्व एकता नै राष्ट्र निर्माण बलियो भएको वास्तविक प्रमाणहरू हुन्।

राष्ट्र निर्माणको सफल यात्रामा राज्यले आफ्ना सबै नागरिकलाई न्याय, समानता र पहिचानको प्रत्याभूति दिनुपर्छ। जब राज्यका नीतिहरू समावेशी र समतामूलक हुन्छन्, तब मात्र सीमान्तकृत र अल्पसङ्ख्यक समुदायहरूमा पनि 'यो राज्य मेरो हो' भन्ने भावना दृढ बन्छ। तर, जब आमजनता अस्पतालमा बेड नपाएर छटपटिन्छन् र नेताहरू विदेशी अस्पतालमा सरकारी खर्चमा उपचार गराउँछन्, तब राष्ट्र निर्माणको त्यो भावनात्मक धागो नराम्रोसँग चुँडिन्छ।

विगतमा अपनाएको एउटै भाषा र एउटै भेषको केन्द्रीकृत एकरूपताको नीतिले नेपालको बहुसांस्कृतिक यथार्थलाई पूर्ण रूपमा समेट्न सकेको थिएन, जसले गर्दा विभिन्न समयमा पहिचान र अधिकारका आन्दोलनहरू भए। वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा राष्ट्र निर्माणको अर्थ सबै विविधतालाई सम्पत्ति मानेर सबै जातजाति र भाषालाई राज्यको मूलधारमा समान सम्मान, समान अवसर र न्यायोचित प्रतिनिधित्व दिनु हो।

नेपाल जस्तो विविधतायुक्त मुलुकमा नागरिक राष्ट्रवादमा आधारित समावेशी र न्यायपूर्ण राष्ट्र निर्माणको कार्यदिशा अपनाएर मात्र सबै नागरिकलाई एउटै राष्ट्रिय गौरवतर्फ गोलबद्ध गर्न सम्भव हुन्छ। तर विडम्बना, नयाँ व्यवस्थामा पनि समावेशिता नेताका नातागोता र चाटुकारहरूलाई सरकारी पद बाँड्ने लाइसेन्स जस्तो मात्र बन्न पुगेको छ।

***निष्कर्ष***

राज्य, राष्ट्र, राज्य निर्माण र राष्ट्र निर्माणको समग्र बहसबाट के स्पष्ट हुन्छ भने, कुनै पनि मुलुकको स्थायित्व र समृद्धिका लागि भौतिक संरचना जति बलियो हुनुपर्छ, त्यसभित्र बस्ने नागरिकको भावनात्मक एकता पनि त्यत्तिकै प्रगाढ हुन अनिवार्य छ। बलियो र निष्पक्ष संस्थाहरू विनाको राष्ट्रिय भावना दिशाहीन हुन सक्छ भने, नागरिक अपनत्व र देशभक्ति विनाका बलिया शासकीय संस्थाहरू निरङ्कुश र दमनकारी संयन्त्रमा परिणत हुन सक्छन्।

नेपाल हाल एक महत्त्वपूर्ण ऐतिहासिक सङ्क्रमणकाल र मिश्रित अभ्यासबाट गुज्रिरहेको छ। हामीले सङ्घीयता मार्फत समावेशी र लोककल्याणकारी राज्यको लक्ष्य संविधानमा निर्धारण गरिसकेका छौं। अबको वास्तविक आवश्यकता भनेको राज्यका स्थायी स्तम्भहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी योग्यता प्रणालीमा आधारित बनाउनु र शासकहरूमा राज्य र राष्ट्रको स्पष्ट चेत खुलाउनु हो।

सुशासन मार्फत नागरिकको जीवनस्तर उकास्दै र देशको सांस्कृतिक विविधतालाई राष्ट्रिय पूँजीका रूपमा कदर गर्दै अघि बढेमा मात्र देशको साझा राष्ट्रिय सङ्कल्प पूरा भई एउटा न्यायपूर्ण र सुदृढ राष्ट्र-राज्यको निर्माण सम्भव हुनेछ। जबसम्म नेताहरूले कुर्सीको मोह त्यागेर देशको भूगोल र जनतालाई केन्द्रमा राख्दैनन्, तबसम्म हाम्रो राष्ट्रवाद भाषणमा मात्र बहकिरहनेछ र राज्य सधैं लाचार बनिरहनेछ।

*साभार: अनलाइनखबरडटकम*

# गर्मीमा कुलर प्रयोग गर्दा अपनाऔं सावधानी



अहिले गर्मी दिनप्रतिदिन बढ्दो क्रममा छ। विशेषगरी नेपालको तराई तथा तल्लो भेगका समथर क्षेत्रमा अत्यधिक गर्मी महसुस भइरहेको छ। गर्मीबाट राहत पाउन मानिसहरूले पंखा, एयर कन्डिसनर (एसी) र एयर कुलरको प्रयोग बढाएका छन्। तर यस्ता विद्युतीय उपकरण प्रयोग गर्दा आवश्यक सावधानी नअपनाउँदा दुर्घटनाको जोखिम पनि उत्तिकै बढ्छ।

गर्मीमा एयर कुलर प्रभावकारी र किफायती विकल्प मानिए पनि यसको प्रयोगमा लापरबाही गर्दा आगलागी, सर्ट सर्किट तथा उपकरण बिग्रिने जस्ता समस्या निम्तिन सक्छन्। त्यसैले कुलर चलाउँदा निम्न कुरामा विशेष ध्यान दिन आवश्यक छ।

*१. मोटर अत्यधिक तात्न नदिनुहोस्*

लामो समयसम्म निरन्तर कुलर चलाउँदा यसको मोटर अत्यधिक तात्न सक्छ। विशेषगरी १० घण्टाभन्दा बढी समय लगातार सञ्चालन गर्दा मोटरमा अतिरिक्त दबाब पर्न जान्छ। यसले मोटर जल्ने, सर्ट सर्किट हुने तथा आगलागीको जोखिम बढाउन सक्छ। त्यसैले समय-समयमा कुलर बन्द गरेर मोटरलाई चिसिन दिने बानी बसाल्नुपर्छ।

*२. पानी सकिएपछि कुलर नचलाउनुहोस्*

एयर कुलरको प्रभावकारिता पानीमा निर्भर हुन्छ। कहिलेकाहीँ कुलर चलिरहेको अवस्थामा पानी सकिएको थाहा नहुन सक्छ। पानी नभई कुलर सञ्चालन हुँदा मोटरमा अनावश्यक दबाब पर्छ र उपकरण अत्यधिक तात्न सक्छ। यसले आगलागी वा अन्य प्राविधिक समस्या निम्त्याउन सक्छ। त्यसैले नियमित रूपमा पानीको मात्रा जाँच गर्नुपर्छ।

*३. गुणस्तरीय तार र प्लग प्रयोग गर्नुहोस्*

पुराना, कमसल वा सस्तो एक्सटेन्सन बोर्ड तथा तार प्रयोग गर्नु निकै जोखिमपूर्ण हुन्छ। अत्यधिक विद्युत् भारका कारण यस्ता तारहरू तात्न, पग्लिन वा सर्ट सर्किट हुन सक्छन्। यसबाट कुलरमा आगो लाग्ने सम्भावना बढ्छ। त्यसैले प्रमाणित र गुणस्तरीय तार तथा प्लगको प्रयोग गर्नुपर्छ।

*४. नियमित सरसफाइ गर्नुपर्छ*

धूलो, फोहोर तथा अन्य कणहरू मोटर वा पंखाको भागमा जम्मा हुँदा कुलरको कार्यक्षमता घट्छ। कतिपय अवस्थामा फोहोरका कारण पंखा अवरुद्ध भई मोटरमा अतिरिक्त दबाब पर्न सक्छ। यसले मोटर अत्यधिक तात्ने र दुर्घटनाको जोखिम बढाउने भएकाले नियमित सरसफाइ आवश्यक छ।

*५. प्रत्यक्ष घाममा नराख्नुहोस्*

धेरैले कुलरलाई खुला ठाउँ वा घाम पर्ने स्थानमा राख्ने गर्छन्। तर लामो समयसम्म प्रत्यक्ष घाममा राख्दा उपकरणको तापक्रम अस्वाभाविक रूपमा बढ्न सक्छ। मोटरबाट निस्कने ताप र घामको ताप एकसाथ हुँदा कुलरमा खराबी आउने सम्भावना बढ्छ। त्यसैले कुलरलाई सधैं छायाँयुक्त र हावापानी राम्रो हुने स्थानमा राख्नुपर्छ।


*निष्कर्ष*

गर्मीबाट राहत पाउन एयर कुलर उपयोगी उपकरण भए पनि यसको सुरक्षित प्रयोग अत्यन्त आवश्यक छ। मोटर अत्यधिक तात्न नदिने, पानीको स्तर जाँचिरहने, गुणस्तरीय तार प्रयोग गर्ने, नियमित सफाइ गर्ने र प्रत्यक्ष घामबाट जोगाउने जस्ता सामान्य सावधानी अपनाउन सके दुर्घटनाको जोखिम धेरै हदसम्म कम गर्न सकिन्छ। सुरक्षित प्रयोगले मात्र कुलरको आयु बढाउनुका साथै परिवारलाई सम्भावित दुर्घटनाबाट पनि जोगाउन मद्दत गर्छ।

*साभारः अनलाइनखबरडटकम*

# मेस्सीका ट्याटु : शरीरमा कोरिएको जीवनकथा

फुटबलका कारण लियोनल मेस्सी जति चिनिएका छन्, सायद एउटा निश्चित वर्गमा सही, उनी ट्याटुका कारण पनि चिनिएका छन् । ३८ वर्षको उमेरमा हिँडिरहेका उनको शरीरमा आज १८ वटा फरक-फरक ट्याटु छन् ।



विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार उलने हरेक ट्याटु एउटा खास कारण खोपेका हुन् । यसैले ती ट्याटुहरू उनको जीवनको डायरी भएको बताउने पनि धेरै छन् । उनले परिवार, आस्था, फुटबल, प्रेम आदिको सम्झनामा ट्याटु खोपाएका छन् । सन् २०१० मा उनले सबैभन्दा पहिले ट्याटु खोपाएका हुन् ।

त्यसबेला उनी बार्सिलोनामा थिए । मौसम गर्मीको थियो । मेस्सीले बायाँ काँधको पछाडि आमा सेलिया मारिया कुचितिनीको पोट्रेट खोपाएका थिए । पोर्ट्रेटमा सेलिया मुस्कुराइरहेको देखिन्छ ।

यो ट्याटु उनले आमाको सम्मानमा खोपाएका थिए । किनकि उनै आमाले मेस्सीलाई आर्थिक कठिनाइका बाबजुद फुटबल सपना पूरा गर्न बार्सिलोना पठाएकी थिइन् ।

ट्याटुहरू खोपाए पनि मेस्सीले कहिल्यै पनि यीबारे केही भनेनन् । ट्याटुबारे उनी शान्त रहे, जसरी मैदानमा हरदम शान्त हुन्छन् । तर उनका ट्याटुहरू हेरेर धेरै कुरा थाहा पाउन सकिन्छ ।

आमाको पोर्ट्रेटपछि दोस्रो ठूलो ट्याटु उनले सन् २०१२ मा हाने । पहिलो छोरा थियागो जन्मिएपछि उनले बायाँ खुट्टाको पछाडि भागमा थियागोको हातको निशान खोपाए । यो ट्याटु खोप्दा सुरुमा हातको निशान मात्र थियो । तर, केहीले यसलाई म्याराडोनाको 'ह्यान्ड अफ गड'सँग जोडिदिए ।

त्यसपछि मेस्सीले थियागोको नाम थपेर 'मेरो छोराको हो' भन्ने सन्देश दिए।

दोस्रो छोरा माटियो जन्मिएपछि उनले यो नाम थपे । सन् २०१८ मा तेस्रो छोरा सिरो जन्मिएपछि उनले दायाँ खुट्टाको घुँडामाथि तीनै छोराको नाम र जन्म मिति खोपाए ।

मेस्सीको प्रेमिका/श्रीमती एन्टोनिला रोकुजाको नाम पनि त्यहीँ छ । मेस्सीले एन्टोनिलाको ओठ, आँखा र क्राउनको ट्याटु पनि खोपाएका छन् । त्यस्तै एन्टोनिलाले पनि दायाँ बाइसेप्समा क्राउन खोपाएकी छिन् । यो उनीहरूको साझा प्रेमको प्रतीक बनेको देखिन्छ ।

त्यस्तै ट्याटुमार्फत मेस्सी आस्थावान र आध्यात्मिक पनि देखिएका छन् । उनले दायाँ काँधमा येशुको ट्याटु हानेका छन् । बार्सिलोनाको प्रसिद्ध सागराडा फ्यामिलिया चर्चको रोज विण्डोको ट्याटु पनि उनले दायाँ कुहिनामा हानेका छन् । कमलको फूलको ट्याटु पनि छ उनको शरीरमा ।

कमल कठिन परिस्थितिमा पनि फुल्ने क्षमता भएको फूल हो । मेस्सी पनि बाल्यकालको रोग र आलोचनालाई पार गरेर आएका थिए । मेस्सीले घडी र कोगको ट्याटु पनि हानेका छन् । यसले समयको महत्व र जीवनको गतिलाई सम्झाउने बताइन्छ ।

फुटबलप्रतिको समर्पण मेस्सीको बायाँ खुट्टामा देखिन्छ । त्यो भाग उनको करियरको क्यानभास जस्तै छ । त्यहाँ फुटबल बलको ट्याटु छ, नम्बर १० (उनको जर्सी नम्बर), र बार्सिलोना क्लबको क्रेस्ट छ । तर खुट्टाको तल्लो भागमा ठूलो ब्ल्याक इंक छ, जसले पुराना ट्याटु (स्वर्ड, एन्जेल विङ्स, रोज) लाई कभर गरेको छ ।

***किन खोपाए मेस्सीले ट्याटु ?***

विश्व स्टार बन्दै जाँदा नै मेस्सीले ट्याटु खोपाउन थालेका थिए । सन् २०१० देखि यताको समयमा मेस्सीलाई हेर्ने हो भने हरेक वर्ष उनका शरीरमा ट्याटुहरू थपिँदै गएको देखिन्छ । विशेष समय र सम्झनामा उनले ट्याटु खोपाएका छन् । अहिलेसम्म उनले कुनै ब्रान्ड प्रमोशन गर्न, फेसन गर्न ट्याटु खोपाएका छैनन् ।

प्रायः खेलाडीहरूले ट्याटु खोपाउनु सामान्य हो ।सम्भवतः मेस्सीले पनि आफ्नो यात्रालाई बारम्बार सम्झिरहन ट्याटु खोपाएका हुन सक्छन् ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि- Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# भूमि विवाद कूटनीतिक रूपमा समाधान हुन्छ : प्रधानमन्त्री

दैनिक समाचारदाता
काठमाडौं, १७ जेठ । प्रधानमन्त्री बालेन्द्र शाहले लिम्पियाधुरालगायतका नेपाली भूभागबारे सरकारले कूटनीतिक नोट पठाइसकेको र त्यसैका आधारमा समस्या समाधान गरिने स्पष्ट पार्नुभएको छ ।

आइतबार प्रतिनिधिसभा बैठकमा सांसदहरूले उठाएका जिज्ञासाको जवाफ दिँदै प्रधानमन्त्री शाहले उक्त कुरा बताउनुभएको हो । उहाँले नेपाल-भारत सीमा विवाद बेलायत र भारत दुवै पक्षसँग कूटनीतिक माध्यमबाट समाधान गरिने जानकारी दिनुभयो ।

नेकपा (एमाले) संसदीय दलकी उपनेता पद्माकुमारी अर्यालले उठाएको प्रश्नको जवाफमा प्रधानमन्त्री शाहले सरकारको ध्यान नेपाललाई कम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने र आर्थिक अवस्था सुदृढ बनाउनेतर्फ केन्द्रित रहेको बताउनुभयो ।

उहाँले आर्थिक रूपमा विपन्न विद्यार्थी महँगा कलेजमा अध्ययन गर्न नसक्ने अवस्था रहेको उल्लेख गर्दै यस्ता विद्यार्थीलाई सहयोग गर्ने व्यवस्था सरकारले देशभर लागू गर्न खोजेको बताउनुभयो । काठमाडौं महानगरपालिकाले यसअघि सञ्चालन गरेको



कार्यक्रमलाई स्मरण गर्दै उहाँले शिक्षा क्षेत्रमा राज्यको सहयोग विस्तार गरिने बताउनुभयो ।

संविधानले निःशुल्क शिक्षाको व्यवस्था गरे पनि राज्यको बजेटले सबै भार वहन गर्न कठिन हुने भन्दै प्रधानमन्त्री शाहले विपन्न परिवारका विद्यार्थीलाई विशेष सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सुकुम्बासी समस्याबारे सांसदहरूले उठाएको जिज्ञासामा उहाँले दीर्घकालीन समाधानका लागि होल्डिङ सेन्टरको व्यवस्था गरिएको बताउनुभयो । नदी किनार र जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका परिवारलाई सम्भावित विपद् र रोगबाट जोगाउन सुरक्षित स्थानमा सारिएको उहाँको भनाइ थियो ।

"३५ वर्षमा नभएको काम ३५ मिनेटमा खोज्नु हुँदैन, समाधानका लागि केही समय लाग्छ," प्रधानमन्त्री शाहले भन्नुभयो ।

भूमि विवादबारे बोल्दै उहाँले नेपालले पनि केही स्थानमा भारतको भूमि प्रयोग गरेको र भारतले पनि नेपालको भूमि अतिक्रमण गरेको विषय रहेको उल्लेख गर्दै दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गरिने बताउनुभयो ।

प्रधानमन्त्री शाहले सहकारी पीडितहरूको रकम फिर्ता गराउने प्रक्रिया अघि बढिसकेको जानकारी दिँदै त्यसका लागि आवश्यक काम भइरहेको बताउनुभयो । विभिन्न आयोगका प्रतिवेदन अध्ययन गरी कार्यान्वयनका लागि सरकारले पहल गरिरहेको पनि उहाँले उल्लेख गर्नुभयो । बाँदर व्यवस्थापन चुनौतीपूर्ण विषय भए पनि त्यसको समाधानका लागि आवश्यक पहल र कार्यक्रम अघि बढाइने प्रधानमन्त्री शाहको भनाइ थियो ।

# सेवासुविधा बढाउन विद्यालय कर्मचारीको माग

दैनिक समाचारदाता
काठमाडौं १७ जेठ । नेपाल विद्यालय कर्मचारी परिषद्ले आगामी आर्थिक वर्षका लागि नेपाल सरकारले संसद्मा पेस गरेको बजेटमा आफूहरूको सेवासुविधा बढाउनेबारे पुनः विचार गर्न माग गरेको छ ।

परिषद्ले आज विज्ञप्ति जारी गरी बजेटमा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीको तलबमान, स्थायित्व तथा सामाजिक सुरक्षाको विषयमा प्रष्टता आवश्यक रहेको जनाएको छ ।

परिषद्का अध्यक्ष गङ्गाराम तिवारी र महासचिव शान्तिराम योगीद्वारा जारी विज्ञप्तिमा विद्यालय कर्मचारीका जायज माग सम्बोधन गराउन पटक-पटक शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय, विभिन्न राजनीतिक दलका नेतृत्व, सम्बन्धित मन्त्री तथा सरकारका उच्च पदाधिकारीसँग भेटघाट, छलफल तथा ध्यानाकर्षण गराउँदै आए पनि माग सम्बोधन नभएको जनाइएको छ ।

बजेटमाथिको छलफल तथा पारित हुने प्रक्रियामा विद्यालय कर्मचारीको तलबमान, स्थायित्व, सामाजिक सुरक्षा तथा सेवासुविधासम्बन्धी मागहरू स्पष्ट रूपमा सम्बोधन गर्न परिषद्ले आग्रह गरेको छ ।

हाल देशभरका २७ हजार १० विद्यालयमा गरी ३० हजार ३४६ विद्यालय कर्मचारी छन् । तीमध्ये सात हजार ६२३ विद्यालय सहायक र २२ हजार ७२३ विद्यालय सहयोगी कार्यरत रहेका परिषद्ले जनाएको छ ।

# देशभर ६२ लाख ४९ हजार ७३२ सवारीसधान



दैनिक समाचारदाता
काठमाडौं, १७ जेठ । देशभर दर्ता भएका सवारीसाधनको सङ्ख्या ६२ लाख माथि रहेको पाइएको छ ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार चालु आर्थिक वर्ष फागुन मसान्तसम्म कुल सवारीसाधनको सङ्ख्या ६२ लाख ४९ हजार ७३२ पुगेको छ ।

चालु आवको फागुन मसान्तसम्म मात्रै दुई लाख ८१ हजार ९२१ वटा दर्ता भएका थिए । दर्ता भएका सवारीसाधनमध्ये ५० लाख बढी मोटरसाइकल छन् ।यसैगरी, फागुन मसान्तसम्म ४१ लाख १४ हजार १८१ वटा सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) जारी भएको छ ।

त्यसमध्ये चालु आवको आठ महिनासम्म ४३ हजार ७५० थान सवारी चालक अनुमतिपत्र जारी भएको थियो । चालु आवको प्रथम आठ महिनामा ८७ हजार १४ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएका छन् ।

तीमध्ये पाँच हजार १८६ थान जडान गरिएको छ ।गत फागुन मसान्तसम्म कुल आठ लाख ३१ हजार ५९ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएकामा ८८ हजार ३४० थान जडान भएका छन् ।

इम्बोस्ड सवारी नम्बर प्लेट जडानसम्बन्धी निर्देशिका, २०८१ अनुसार नम्बर प्लेट जडान भइरहेको छ ।

# संसद् बैठकमा आशिका तामाङ आक्रोशित

दैनिक समाचारदाता
काठमाडौं १७ जेठ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद आशिका तामाङ प्रतिनिधिसभाको बैठकमा आक्रोशित भएकी छन् ।

विपक्षी दलहरूले प्रधानमन्त्रीसँगको प्रश्नोत्तर कार्यक्रम नियमावलीविपरीत भएको भन्दै सभामुखसँग विवाद गरिरहेका बेला सत्तापक्षीय बेन्चमा बसेकी सांसद तामाङ आक्रोशित बनेकी हुन् ।

श्रम संस्कृति पार्टीका सांसद ध्रुवराज राईले सभामुखतर्फ औंला ठड्याएको विषयलाई लिएर उनी असन्तुष्ट भएको एक सांसदले बताएका छन्।

"सभामुखको अपमान गरेको भन्दै उहाँ रिसाउनुभएको हो," ती सांसदले बताए।

सांसद तामाङ आक्रोशित भएपछि रास्वपाका अन्य सांसदहरूले उनलाई केही समयका लागि बैठक कक्षबाहिर लगेका थिए।

केहीबेरपछि सहकर्मी सांसदहरूले उनलाई सम्झाएका थिए। रास्वपाका सांसदहरूले नियमावलीअनुसार नै सभामुखले बैठक सञ्चालन गरिरहनुभएको भन्दै संयमित हुन आग्रह गरेका थिए।

"तपाईं रिसाउनु हुँदैन," भन्दै पार्टीका सांसदहरूले उनलाई सम्झाइरहेका थिए।

एक विपक्षी सांसदका अनुसार, "उहाँहरूलाई आफ्नै पार्टीकी सांसदलाई सम्झाउन निकै कठिन भएको थियो।"

# प्रधानमन्त्रीको अभिव्यक्ति रेकर्डबाट हटाउन नेकपाको माग

दैनिक समाचारदाता
काठमाडौं, १७ जेठ । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद रमेश मल्लले प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहको अभिव्यक्ति रेकर्डबाट हटाउन माग गरेका छन्।

आइतबार प्रतिनिधि सभा बैठकमा सांसद आरेन राईले सोधेको प्रश्नको जबाफ दिने क्रममा प्रधानमन्त्री शाहले नेपालले पनि भारतको जग्गा मिचेको आफूले थाहा पाएको बताएका थिए।

'यो विषय कुटनीतिक रुपमा टेलब टक... तपाईंहरुलाई एउटा कुरा अचम्म लाग्छ होला। मैले पनि प्रधानमन्त्री भएपछि थाहा पाएँ। भारतले नेपालको जग्गा मात्र होइन नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ', प्रधानमन्त्री शाहले भनेका थिए, 'यो कुरा अस्ति भर्खर थाहा भयो। हामीले मिचेका छौँ। उहाँहरूले मिच्नुभएको छ, बसेर साथीका रुपमा समाधान गर्ने सोच राखेका छौं।'

सांसद मल्लले यसैप्रति आपत्ति जनाएका हुन्।

'गम्भीर विषय के भने प्रश्नोत्तरका क्रममा यो मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डताका मूलभूत सिद्धान्तहरू हाम्रो संविधानले पनि अपरिवर्तनीय भन्छ। संविधान लचिलो दस्तावेज हो, तर ती कुराहरू अपरिवर्तनीय छन्।



मुलुकको राष्ट्रिय अखण्डताको विषयमा आँच आउने खालको अभिव्यक्ति सम्माननीय प्रधानमन्त्रीज्यूले जसरी एउटा जिम्मेवार व्यक्ति, जिम्मेवार सदनको रोष्ट्रममा उभिएर जो कुरा व्यक्त गर्नुभएको छ। यो सामान्य विषय होइन। उहाँले अनौपचारिक कुराकानीमा राख्नुभएकोजस्तो छ। यो कुरा धेरै नै गम्भीर छ। कुनै मुलुकका राष्ट्रप्रमुखले मञ्चमा बसेर हामीले फलानो देशको भूमि मिचेका छौं भन्छ होला, यो कति गम्भीर विषय छ। प्रधानमन्त्रीको यो अभिव्यक्तिलाई हामीले संसदको तर्फबाट करेक्सन गर्नैपर्दछ। यो गम्भीर अभिव्यक्तिलाई संसदको रेकर्डबाट हटाइयोस्,' मल्लले आपत्ति जनाए।


## सडक सिमा भित्रको व्यक्तिगत सर-समान अबिलम्ब हटाउनेबारे सूचना !!!

ढल्केवर-जनकपुर-जटही (६-लेन) सडकको ठाउँ/ठाउँमा सडक सीमा भित्र व्यक्तिगत निर्माण सामग्री राखेको,गाई/भैसी बाँधेको, गोबर/गुईठा/ पराल/घाँस/भुस राखेको,सवारी/साधन पार्किंग गरेको,अस्थायी प्रकृतीका बजार/कारोवार संचालन गरेको आदि पाइएकोले सडक दुर्घटना बढोत्तरी भएको,निर्माण गती विधी प्रभावित भएको र ठाउँ/ठाउँमा समग्र ६-लेन सडक कुरुप देखिएको अवस्था छ । यस उप्रान्त सडक सिमाभित्र सामुहिक गतिबिधी (हाट/बजार,सांस्कृतिक/परम्परागत भोज/भातेज,सभा/सम्मेलन (तथा अस्थायी व्यक्तिगत सरसामान राख्नुपर्ने अवस्थामा यस कार्यालयको सशर्त-सहमती लिन जानकारी गराईन्छ/साथै यथावस्थाको त्यस्ता व्यक्तिगत सामग्री स्वयम हटाउनुहुन अनुरोध छ । अन्यथा सो उप्रान्त यस कार्यालयबाट हटाउँदा (काम लाग्ने सामान जफ्त/काम नलाग्ने सरसामान यथावस्थामा संकलित गरी जलाइने (भैजाने क्षतिपुर्ति संयुक्तधारी स्वयं जिम्मेवार हुने र बाधा-अड्चन गरेमा सार्वजनिक सडक ऐन २०३१ बमोजिम लागेको खर्च सम्बन्धित व्यक्तिसँग असुल उपर गरिने,दण्ड-जरिवाना वा दुईटै कारवाही भैजाने हुँदा सम्बन्धित सरोकारवालालाई ध्यानाकर्षण गराइन्छ ।


**डिभिजन प्रमुख**

**डिभिजन सडक कार्यालय,मुजेलिया,जनकपुरधाम**

**धनुषा**



अब उत्कृष्ट भविष्यको रोजाई



# MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४